फोन:०५६-४१०१२२/४१०१११
इमेल:ichchhakamanaruralmun@gmail.co
वेबसाइट: ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन          बागमती प्रदेश, नेपाल

प.सं. : २०८२।०८३
च. नं. :

मिति : २०८२/०४/०१

विषय : सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धि अत्यन्त जरुरी सूचना।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता कार्यविधि २०७७ को नियम (४) अनुसार विभिन्न शिर्षकबाट सामाजिक सुरक्षा भत्ता खाइपाई आइरहेका लाभग्राहीहरुले आ.व.२०८२/०८३ मा पनि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सम्बन्धित वडा कार्यालयमा गई निवेदन दिनुपर्ने व्यवस्था भए बमोजिम लाभग्राहीहरु स्वयम् उपस्थित भई Biometric Verification प्रणाली मार्फत मिति २०८२।०४।०१ देखि २०८२।०५।३१ गते भित्र अनिवार्य रुपमा आ-आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नुहुन अनुरोध छ।बालबालिका वा आफैं उपस्थित हुन नसक्नेहरुको लागि निजको आमा बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले समेत निवेदन दिन सक्नुहुनेछ।

सामाजिक सुरक्षा भत्ता नवीकरण गर्नका लागि आवश्यक कागजातहरु

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति

२. राष्ट्रिय परिचयपत्रको अस्थायी निस्सा वा राष्ट्रिय परिचयपत्र नम्बर।

३. दलित बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्र प्रतिलिपि

४. विधवा तथा जेष्ठ एकल महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको सिफारिस पत्र

५.अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि

नोट:

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ४ को उपदफा ६ बमोजिम तोकिएको समयभित्र नवीकरण नगराएका लाभग्राहीको नाम लगत कट्टा गरिनेछ। एक पटक नाम हटेपछि फेरी नाम दर्ता गराउनका लागि सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ अनुसार निवेदन दिनुपर्नेछ।
- ९० वर्षभन्दा माथिका नागरिक, क वर्गको अपाङ्गता वा बालबालिकाको हकमा राष्ट्रिय परिचयपत्र नभए पनि सेवा उपलब्ध हुनेछ ।

(चन्द्रकान्त बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

<u>कार्यार्थ:</u>

सूचना प्रविधि शाखा सबै वडाहरुलाई इमेल मार्फत जानकारी गराइदिनुहन।